**क) फर्म दर्ता गर्दा लाग्ने दस्तुर**

फर्म दर्ताका लागि निवेदन दिंदा निवेदन दस्तुर रू १००।– सहित प्रदेश नं. १ प्रदेश निजी तथा साझेदारी फर्म दर्ता ऐन, २०७७ बमोजिम देहायको दस्तुर लाग्ने व्यवस्था गरिएको छ।

| क्र.सं. | फर्मको कूल पुंजी रू | | दरखास्त दस्तुर रू | दर्ता दस्तुर रू | जम्मा लाग्ने दस्तुर |
|---|---|---|---|---|---|
| | देखि | सम्म | | | |
| १ | ० | पाँच लाख | १०० | २,००० | २,१०० |
| २ | पाँच लाख | बीस लाख | १०० | ४,००० | ४,१०० |
| ३ | बीस लाख | पचास लाख | १०० | ७,००० | ७,१०० |
| ४ | पचास लाख | एक करोड | १०० | १५,००० | १५,१०० |
| ५ | एक करोड | पाँच करोड | १०० | २५,००० | २५,१०० |
| ६ | पाँच करोड | दश करोड | १०० | ३५,००० | ३५,१०० |
| ७ | दश करोड | ∞ | १०० | ६०,००० | ६०,१०० |

महिला र दलित फर्मधनीको हकमा माथि उल्लेखित दस्तुरमा नियमानुसार छुट पाइनेछ। दर्ता पश्चात् उद्योग सञ्चालनका क्रममा गरिने नवीकरण लगायतका अन्य कामकारबाहीका लागि लाग्ने शुल्क तल उल्लेख गरिएको छ।

**ख) फर्म नवीकरण**

फर्मको स्वरूपमा उद्योग दर्ता भए पश्चात् प्रत्येक तीन वर्षमा नवीकरण गर्नु पर्दछ र नवीकरण म्याद सकिएको तीन महिना भित्रै निवेदन दिंदा निवेदन दस्तुर रू १००।– सहित देहाय बमोजिम दस्तुर लाग्ने व्यवस्था गरिएको छ।

| क्र.सं | फर्मको कूल पुंजी रू | | दरखास्त दस्तुर रू | नवीकरण दस्तुर रू | जम्मा लाग्ने दस्तुर रू |
|---|---|---|---|---|---|
| | देखि | सम्म | | | |
| १ | ० | पाँच लाख | १०० | २,००० | २,१०० |
| २ | पाँच लाख | बीस लाख | १०० | ४,००० | ४,१०० |
| ३ | बीस लाख | पचास लाख | १०० | ५,००० | ५,१०० |
| ४ | पचास लाख | एक करोड | १०० | १०,००० | १०,१०० |
| ५ | एक करोड | पाँच करोड | १०० | १५,००० | १५,१०० |
| ६ | पाँच करोड | दश करोड | १०० | २०,००० | २०,१०० |

| | | | | | |
|---|---|---|---|---|---|
| ७ | दश करोड | ∞ | १०० | ३०,००० | ३०,१०० |

नवीकरण म्याद सकिएको तीन महिना पश्चात् निवेदन दिँदा निवेदन दस्तुर रू १००।– सहित देहाय बमोजिम दस्तुर लाग्ने व्यवस्था गरिएको छ।

| क्र.सं | फर्मको कूल पुँजी रू | | दरखास्त दस्तुर रू | नवीकरण दस्तुर रू | व्यतित वर्ष | जरिवाना रू | जम्मा लाग्ने दस्तुर |
|---|---|---|---|---|---|---|---|
| | देखि | सम्म | | | | | |
| १ | ० | पाँच लाख | १०० | २,००० | १ | ५०० | २,६०० |
| | | | | | २ | १,००० | ३,१०० |
| | | | | | ३ | २,००० | ४,१०० |
| २ | पाँच लाख | बीस लाख | १०० | ४,००० | १ | १,००० | ५,१०० |
| | | | | | २ | २,००० | ६,१०० |
| | | | | | ३ | ४,००० | ८,१०० |
| ३ | बीस लाख | पचास लाख | १०० | ५,००० | १ | १,२५० | ६,३५० |
| | | | | | २ | २,५०० | ७,६०० |
| | | | | | ३ | ५,००० | १०,१०० |
| ४ | पचास लाख | एक करोड | १०० | १०,००० | १ | २,५०० | १२,६०० |
| | | | | | २ | ५,००० | १५,१०० |
| | | | | | ३ | १०,००० | २०,१०० |
| ५ | एक करोड | पाँच करोड | १०० | १५,००० | १ | ३,७५० | १८,८५० |
| | | | | | २ | ७,५०० | २२,६०० |
| | | | | | ३ | १५,००० | ३०,१०० |
| ६ | पाँच करोड | दश करोड | १०० | २०,००० | १ | ५,००० | २५,१०० |
| | | | | | २ | १०,००० | ३०,१०० |
| | | | | | ३ | २०,००० | ४०,१०० |
| ७ | दश करोड | ∞ | १०० | ३०,००० | १ | ७,५०० | ३७,६०० |
| | | | | | २ | १५,००० | ४५,१०० |
| | | | | | ३ | ३०,००० | ६०,१०० |

**ग) पुँजी वृद्धि लगायत अन्य विवरण संशोधनको लागि लाग्ने दस्तुर**

फर्म दर्ता पश्चात् पुँजी वृद्धि गर्नु परेमा पुँजी वृद्धिका निवेदन दिंदा निवेदन दस्तुर रू १००।– सहित पुँजी हेरफेरको दस्तुरका लागि वृद्धि भइ कायम हुने पुँजी र दर्ता पुँजीको अन्तर हेरी दस्तुर गणना गरिन्छ भने अन्य कामकारबाहीका लागि देहाय बमोजिम दस्तुर लाग्ने व्यवस्था गरिएको छ।

| क्र.सं. | विषय | दरखास्त दस्तुर रू | दस्तुर रू |
|---|---|---|---|
| १ | कारोबार प्रारम्भ अवधि थप | १०० | - |
| २ | प्रतिलिपि प्रमाणपत्र | १०० | ३०० |
| ३ | विवरण हेरफेर* | १०० | ५०० |
| ४ | प्रदेश भित्रै स्थानान्तरण | १०० | ५०० |
| ५ | अन्य प्रदेशबाट स्थानान्तरण | १०० | नयाँ दर्ता सरह |
| ६ | इकाई वा सम्पर्क कार्यालय | १०० | ५०० |
| ७ | नामसारी (निजी फर्म मात्र) | १०० | नयाँ दर्ता सरह |
| ८ | नामसारी (मृत्यु पछिको) | १०० | - |
| ९ | अनुमति (कम्पनी) | ५०० | - |
| १० | फर्म खारेजी (स्वेच्छिक) | १०० | बुझाउन बाँकी दस्तुर र जरिवाना |